# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ प्रकाशन मितिः २०७६/१०/१५

# भाग १

## त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिका, रोल्पाको गाउँसभाले बनाएको तपसिलमा लेखिए बमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# शिक्षा नीति, २०७६

**गाउँसभाबाट स्वीकृत मिति : २०७६/०९/२८**
**प्रमाणिकरण मितिः २०७६/१०/१४**

**दिर्घकालिन सोच :**

त्रिवेणी गाउँपालिका क्षेत्रका विद्यालय उमेर समूहका बालबालिका लगायत सबै नागरिकहरुलाई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, बैकल्पिक तथा खुला शिक्षा, निरन्तर शिक्षा र जीवनोपयोगी शिक्षाको माध्यमबाट गुणस्तरीय, प्राविधिक, सीपयूक्त र व्यवसायिक शिक्षाको पहुँच सुनिश्चित गर्दै दक्ष,आत्मनिर्भर, शिक्षित र सक्षम नागरिक तयार गरी उद्यमशिल, समृद्ध र सभ्य गाउँपालिकाको निर्माण गर्ने ।

खण्डः ३ संख्याः २ प्रकाशन मितिः २०७६/१०/१५

**त्रिवेणी गाउँपालिकाले अवलम्वन गर्ने शिक्षा नीतिहरु :**

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन गरिनेछ ।

३. माध्यमिक शिक्षा सम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा माध्यमिक विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन गरिनेछ ।

४. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।

५. निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।

६. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।

७. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ ।

९. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गरिनेछ ।

१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन गरिनेछ ।

११. गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन तथा परिचालन गरिनेछ ।

१२. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरणको व्यवस्था मिलाइनेछ ।

१३. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण गरिनेछ ।

१४. स्थानीय पाठ्यक्रम तथा पाठ्य सामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण गरिनेछ ।

१५. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१६. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान गरिनेछ ।

१७. विद्यालयहरूको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्यायको आधारमा विद्यालयको नक्शाङ्कन, समायोजन तथा स्तरीकरण गरिनेछ ।

१८. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गरिनेछ ।

१९. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गरिनेछ ।

२०. गाउँपालिका स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन गरिनेछ ।

२१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गरिनेछ ।

२२. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण गरिनेछ ।

२३. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको लागि बजेट व्यवस्थापन गरिनेछ ।

२४. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण व्यवस्थित गरिनेछ ।

२५. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन गरिनेछ ।

२६. आधुनिक प्रयोगशाला, पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२७. विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहनको व्यवस्थापन गरिनेछ ।

२८. अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

२९. स्थानीय पाठ्यक्रमलाई निर्दिष्ट ढाँचा अनुरुप स्थानीय आवश्यकताका आधारमा व्यवहारिक, जीवनोपयोगी र समसामयिक बनाइनेछ।

३०. गाउँपालिकाको कुल बजेटको करिब १० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गरिनेछ।

३१. शिक्षकलाई सिकाइ उपलब्धी तथा कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

३२. विद्यालय हाताभित्र दलगत सभा, सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण, मेला, मदिराको बिक्रि वितरण लगायतका गतिविधि गर्न पूर्ण बन्देज गरिनेछ।

३३. गाउँपालिकाको प्रत्येक वडामा न्यूनतम पूर्वाधार सहितको कम्तिमा एक नमुना विद्यालय सञ्चालनमा ल्याइनेछ।

३४. गाउँपालिकाबासी गरिब, जेहन्दार, दलित र अपाङ्गता भएका विद्यार्थीहरुलाई प्रतिष्पर्धाको आधारमा गाउँपालिका भित्र सञ्चालित प्राविधिक शिक्षामा छात्रवृत्तिको व्यवस्था गरिनेछ।

३५. विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनुका साथै आवश्यकताका आधारमा विस्तार गरिनेछ।

३६. बाल श्रम र बालबिबाह न्यूनिकरणलाई विद्यालय शिक्षासँग आवद्ध गरी अगाडी बढाइनेछ।

३७. विद्यालय पूर्वाधार निर्माण गर्दा बालमैत्री, छात्रामैत्री तथा अपाङ्गमैत्री ढाँचामा निर्माण गरिनेछ।

३८. कक्षा ५ सम्मको बसाई व्यवस्थापन र रंगिन छापामय शैक्षिक सामग्री व्यवस्थापनलाई क्रमशः विस्तार गर्दै लगिनेछ।

३९. शिक्षण सिकाई क्रियाकलापमा आधुनिक सूचना प्रविधि तथा विधिको प्रयोग गर्दै लगिनेछ।

४०. शिक्षासँग सम्बन्धित शैक्षिक प्रोफाइलको निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४१. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण र आराम कक्षको व्यवस्था गरिनेछ।

४२. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई मनोपरामर्श प्रदान गर्ने व्यवस्था गरिनेछ।

४३. बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरू अवलम्बन गरी विद्यालयलाई दण्ड, सजाय तथा भयमुक्त सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

४४. करार र निजी स्रोतका शिक्षक तथा कार्यालय सहयोगीको प्रत्येक ६/६ महिनामा कार्य सम्पादन मुल्यांकनको आधारमा म्याद थप गरिनेछ ।

४५. शिक्षण सिकाई क्रियाकलापमा अभिवृद्धि गर्न निश्चित सेवा अवधि पछि स्थायी र राहत शिक्षकहरुको गाउँपालिका भित्र सरुवा गर्ने व्यवस्था गरिनेछ ।

४६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

४७. अपनत्वको सिर्जना, नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

४८. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

४९. विद्यालयको योजना तर्जुमा, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण लगायत स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने शैक्षिक क्रियाकलापहरूमा अभिभावकहरुलाई सहभागी गराइनेछ ।

५०. स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, चन्दादाता, संस्थापक लगायतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाइनेछ ।

आज्ञाले
निम बहादुर के. सी.
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी